माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/८२
च. नं.

## बैदेशिक रोजगार सन्तती छात्रवृत्ती कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना।

(प्रकाशित मिति २०८१।०५।०७)

बैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशत्त भएका एंव बैदेशिक रोजगार कल्याणकारी कोषबाट बैदेशिक रोजगार बोर्डको सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायत प्राप्त गरेका श्रमिकका सामुदायिक तथा संस्थागत बिद्यालयमा अध्ययनरत बिद्यालय स्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) मा अध्ययनरत १८ वर्ष मुनिका बालबालिकाहरुका लागि छात्रवृति प्रदान गर्न बैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौं द्वारा मिति २०८१/०४/२४ मा आवेदन आव्हान गरेको हुँदा छात्रवृति प्राप्त गर्न योग्यता पुगेका बिद्यार्थीहरुले **"बैदेशिक रोजगार छात्रवृति संचालन कार्यविधि,२०८०"** को अनुसूची-१ बमोजिमको आ-आफ्नो बिद्यालयमा २०८१ असोज मसान्त भित्र निवेदन पेश गर्न हुन साथै सम्बन्धित बिद्यालयले आवश्यक कागजात सहित माङसेबुङ गाउँपालिकाको रोजगार सेवा केन्द्र वा शिक्षा शाखामा सिफारिस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरेको छ।

२०८१/०५/०७

बुद्धिप्रसाद खतिवडा
नि. प्रमुख प्रशासकीय अधिकृत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमलहल, काठमाडौं

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालय २०६४

## वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८० मा भुक्तानी छुट भएका एवं २०८१) का लागि निवेदन दिने बारेको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०४/३१

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) वमोजिमको ढाँचामा २०८१ साल असोज मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. <u>विद्यार्थीले निवेदन पेश गर्ने निकाय:</u> आफु अध्ययनरत विद्यालयमा कार्यविधिको अनुसुची - १ वमोजिमको ढाँचामा २०८१ असोज मसान्तभित्र। विद्यार्थीको स्थायी ठेगाना अन्यत्र भए पनि नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नो स्थानीय तहबाट बनाई अध्ययनरत विद्यालयमा छात्रवृत्तिको निवेदन पेश गर्नुपर्ने।

२. <u>छात्रवृत्तिका प्राप्त गर्ने लक्षित वर्ग:</u>

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई निर्धारित अवधिभित्र मृत्यु वा अंगभंग वा विरामी भइ वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी।

(शत प्रतिशत आर्थिक सहायता भन्नाले २०६५।७।१८ देखि २०६८।२।१९ सम्म रु. १ लाख, २०६८।२।२० देखि २०७१।६।३० सम्म रु. १ लाख ५० हजार, २०७१।६।३१ देखि २०७४।४।१५ सम्म रु. ३ लाख र २०७४।४।१६ देखि निवेदन दिने अन्तिम मिति सम्म रु. ७ लाख प्राप्त गरेको हुनुपर्ने। मृत्यु वा अंगभंग भएको तर आर्थिक सहायता/क्षतिपूर्ति वापत पूर्ण रकम नगरेका लाभग्राहीलाई यो छात्रवृत्ति प्राप्त नहुने)

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

- नेपालको जुनसुकै सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरह देखि कक्षा १२ सम्म) का १८ वर्ष मुनिका बालबालिकाहरुले मात्र निवेदन दिन सक्नेछन् ।
- मिति २०८१ असोज मसान्तसम्म उपरोक्त अनुसारको आर्थिक सहायता प्राप्त गर्ने कामदारका बालवालिकालाई मात्र शैक्षिक शत्र २०८१ को छात्रवृत्ति उपलब्ध गराइनेछ।
- शैक्षिक सत्र २०८० मा रीतपूर्वक निवेदन पेश गरेका तर आर्थिक वर्ष २०८०/८१ मा रकम प्राप्त गर्न नसकेका छात्रछात्राले समेत यस आर्थिक वर्षमा छुट छात्रवृत्ति पाउने।

३. <u>निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु: कार्यविधिले तोके बमोजिम देहाय बमोजिमका कागजात संलग्न हुनुपर्ने।</u>

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि।
- वैदेशिक रोजगारमा गइ मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- कामदारको राहदानीको प्रतिलिपि वा राहदानी नं. खुल्ने कागजात।
- विद्यार्थीको जन्म दर्ताको प्रतिलिपि।
- निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाणको प्रतिलिपि।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजात (चेक बुक)को प्रतिलिपि।
- हाल अध्ययनरत भएको विद्यालयको सिफारिस।
- शिक्षा समितिको निर्णय एवं सम्वन्धित स्थानीय तहको सिफारिस।

४. शैक्षिक सत्र २०८० मा रीतपूर्वक निवेदन पेश गरी २०८०/८१ मा रकम भुक्तानी हुन नसकेका छात्र छात्राको हकमा:

क) सबै कागजात पूरा भई बैंक खाताको विवरण नमिली रकम भुक्तानी हुन नसकेका मिति २०८१ श्रावण २५ गतेको यस सचिवलायको सूचना बमोजिमका ३३४ जनाको हकमा: हाल अध्यावधिक भएको खाता नम्वर र विवरण स्पष्ट खुल्ने प्रमाण सहित स्थानीय तह (शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा निवेदन पेश गर्नुपर्ने।

ख) निर्धारित अवधिमा निवेदन पेश गरेका तर कार्यविधि बमोजिमका सम्पूर्ण कागजात बोर्ड सचिवालयमा प्राप्त नभई रकम उपलब्ध हुन नसकेका श्रावण २५ गतेको सूचना बमोजिमका ७२८ जनाको को हकमा: गत वर्ष विद्यालयमा एवं सम्बन्धित स्थानीय तहमा दर्ता भएको निवेदन सहित गत वर्ष तयार भएका माथि उल्लेखित सबै कागजातको प्रतिलिपी सहित स्थानीय तह (शिक्षा शाखा) मा  निवेदन पेश गर्नुपर्ने। यस्ता निवेदन एकीन गरी शिक्षा

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

शाखाले रोजगार सेवा केन्द्र वा बोर्डको FEWIMS चलाउने फोकल पर्शनलाई उपलब्ध गराए पश्चात यस आर्थिक वर्षमा सफ्टवेयरमा प्रविष्ट हुने।

ग) सम्बन्धित विद्यालयमार्फत स्थानीय तहमा निवेदन पेश भई स्थानीय तहवाट निर्धारित अवधिमा सिफारिस भएका तर बोर्डको सचिवालयमा निवेदन प्राप्त नभएका छात्र छात्राहरुले गत वर्ष २०८० पौष मसान्त भित्र शिक्षा समितिको निर्णय भएको प्रमाण सहितका सम्पूर्ण कागजात वैदेशिक रोजगार बोर्डको सचिवालय (प्रशासन, योजना तथा अनुगमन शाखा – कोठा नं १६) मा पुनः छुट छात्रवृत्ति रकम प्राप्त गरिपाउँ भनी आफै उपस्थित भई वा प्रतिनिधी मार्फत वा हुलाक वा कुरियर मार्फत यथाशीघ्र (२०८१ असोज मसान्तभित्र आईपुग्ने गरी) निवेदन पेश गर्नुपर्ने। सो सम्बन्धमा छात्रवृत्ति निर्देशक समितिले निर्णय गरे बमोजिम रकम प्राप्त हुने।

घ) यस खण्डको सि.नं. (क) र (ख) को हकमा सम्वन्धित स्थानीय तहमा निवेदन प्राप्त भएमा गत वर्ष २०८० पौष मसान्त भित्र निजहरुको निर्णय भएको एकीन गरी रोजगार सेवा केन्द्रले चालु आर्थिक वर्षको लागि छात्रवृत्ति प्रदान गर्ने प्रयोजनार्थ FEWIMS प्रणालीमा सि.नं. (ग) को प्रविष्ट गर्ने वखत कागजात स्क्यान गरी आर्थिक वर्ष २०८०/८१ को लागि थप प्रविष्ट हुने व्यवस्था मिलाउने।

ङ) गत शैक्षिक सत्रमा १२ कक्षा सम्म अध्ययनरत भएका वा १८ वर्ष मुनि भई छात्रवृत्तिका लागि निवेदन पेश गरेका तर हाल उक्त सीमा कटेका विद्यार्थीको हकमा समेत यस प्रकरण बमोजिम छुट निवेदन पेश गर्न सकिने।

५. <u>छात्रवृत्तिको रकमको सीमा:</u>

- वार्षिक रुपमा आधारभुत तहमा अध्ययनरतका लागि रु १२,०००। (वाह हजार) र माध्यमिक तहका लागि रु. १६,०००। (सोह हजार) प्रदान गरिने छ।
- एक जना विद्यार्थीलाई एउटा कक्षामा १ पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृत्ति रकम सिधै बैंक खाता मार्फत उपलब्ध गराइनेछ। एउटा कामदारका जति संख्यामा योग्यता पुगेका सन्तती भए पनि सहायता उपलब्ध हुनेछ।

६. <u>विद्यार्थी एवं अविभावकको जिम्मेवारी:</u>

- सूचना प्राप्त भएपश्चात कार्यविधि अध्ययन गरी सो बमोजिमका सम्पूर्ण कागजात तयार गरी सम्वन्धित विद्यालयमा निवेदन पेश गर्ने।

७. <u>विद्यालयको जिम्मेवारी:</u>

- सम्वन्धित सवै विद्यार्थी तथा अविभावकलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सम्वन्धी सूचना प्रवाह गर्ने ।

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा**

मिति : ..................

श्री प्रधानाध्यापकज्यू

..........................

**विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ..............................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................. मा .......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

<u>संलग्न कागजातहरू</u>

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

<u>निवेदक</u>

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं.- :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं